२०८१ माघ ०३ गते बिहिबारका दिन यस सूर्यविनायक नगरपालिका नगर कार्यपालिकाको १८१औं
र प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायका विषयमा
तथा निर्णय गरियो।

:

| नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री बासुदेव थापा | नगर प्रमुख | |
| श्री सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| श्री सानुकाजी कायस्थ | वडा अध्यक्ष वडा नं. १ | |
| श्री प्रदिप कार्की | वडा अध्यक्ष वडा नं. २ | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री लछुराम न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री राजकुमार जोशी | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री ईश्वर खड्का | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री रबिन्द्र सापकोटा | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री पुष्पराज बस्नेत | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री भगवान खत्री | वडा अध्यक्ष वडा नं. ९ | |
| श्री शिवराम राउत | वडा अध्यक्ष वडा नं. १० | |
| श्री तारा खतिवडा सापकोटा | कार्यपालिका सदस्य | |
| श्री कमला पोखरेल | कार्यपालिका सदस्य | |
| श्री शर्मिला बस्नेत | कार्यपालिका सदस्य | |
| श्री सावित्री मिश्र | कार्यपालिका सदस्य | |
| श्री हेमा दाहाल खतिवडा | कार्यपालिका सदस्य | |
| श्री सुमन परियार | कार्यपालिका सदस्य | |
| श्री प्रजुन तिखत्री | कार्यपालिका सदस्य | |
| श्री सुनिल भुजेल | कार्यपालिका सदस्य | |
| श्री तारानाथ लुइटेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

न्त्रित:

| . | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| | पुष्पराज न्यौपाने | शाखा अधिकृत | |
| | सपना शर्मा | वरिष्ठ लेखा अधिकृत | |

१. नियमित समिक्षा सम्बन्धमा।
२. नगरस्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
३. आय व्ययको मासिक प्रतिवेदन सम्बन्धमा।
४. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम पद दर्ता सम्बन्धमा।
५. सेवा करार कर्मचारीको म्याद थप सम्बन्धमा।
६. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) नतिजा सार्वजनिक गर्ने सम्बन्धमा।
७. निगरानी निकायहरु (Oversight agencies)को सुझाव कार्यान्वयन सम्बन्धमाः
८. तहवृद्धि भएका कर्मचारीहरुको पदस्थापन सम्बन्धमा ।
९. नगरपालिकाको नयाँ प्रशासकीय भवनमा कार्यालय स्थानान्तरण गर्ने सम्बन्धमा।
१०. नगर अस्पतालको लागि भवन माग सम्बन्धमा ।
११. आवधिक योजनाको मध्यावधिक समिक्षा सम्बन्धमा।
१२. राजश्व परामर्श समितिको सिफारिस एवं कार्यदलको प्रतिवेदन सम्बन्धमा।
१३. नगर अस्पताल विकास समिति सञ्चालन नियमावली सम्बन्धमा।
१४. विविध।

निर्णयहरुः

**निर्णय नं. १. नियमित समिक्षा सम्बन्धमा ।**

कार्यपालिकाको १८०औं लगायत विगतका बैठकका निर्णयहरु कार्यान्वनयको अवस्था बैठकमा प्रस्तुत भई आवश्यक छलफल गरी आवश्यक नियमित समिक्षा भयो।

**निर्णय नं. २ नगरस्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको मासिक प्रतिवेदन सम्बन्धमा।**

नगरपालिकास्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिबाट बैठकमा पेश भएको समितिको चालु आ.व.को पुस महिनाको मासिक तथा दोस्रो त्रैमासिक प्रतिवेदन उपर बैठकमा छलफल भयो। उक्त मासिक तथा त्रैमासिक प्रतिवेदनहरुमा उल्लेखित सुझावहरुको कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं ३ आय व्ययको मासिक प्रतिवेदन सम्बन्धमा।**

बैठकमा पेश भएको निम्न बमोजिमको नगरपालिकाको चालु आ,व.को पुस महिनासम्मको आय व्यय प्रतिवेदन उपर बैठकमा छलफल तथा समिक्षा भयो।

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| प्रस्तावित्त आय | वास्तविक आय | आम्दानी (%) | वार्षिक बजेट | खर्च | खर्च (%) |
| २ अर्ब २४ करोड | १ अर्ब ४३ करोड ६७ लाख २६ हजार ७ सय १२ रुपैया | ६४.१३% | २ अर्ब २४ करोड | ४४ करोड ३४ लाख १२ हजार ९ सय ४५ रुपैया | १९.७९% |

**निर्णय नं. ४ नगरपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम पद दर्ता सम्बन्धमा।**

बागमती प्रदेशबाट जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम यस नगरपालिका र अन्तर्गतको वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र एक नगर अस्पताल समेतको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मिति २०८१ पुस १९ गतेको नगरसभा बैठकबाट स्वीकृत भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८१ अनुसारको संगठन संरचना, दरबन्दी तेरिज तथा कार्यविवरण स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ७ बमोजिम पद दर्ताको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रदेश किताबखाना) बागमती प्रदेश, हेटौंडामा पठाउने व्यवस्थाको लागि कार्यालयलाई निर्देशन दिने।

प्रमाणीकरण गर्ने
हस्ताक्षरः
नामथरः तारानाथ लुइटेल
पदः सचिव (प्रमुख प्रशासकीय अधिकृत)



CamScanner